# दोस्रो अध्ययन
# परमेश्वरले संसारलाई अति प्रेम गर्नुभयो

**परमेश्वरको योजना**

*किनभने परमेश्वरले संसारलाई* (यस संसारमा तपाईं पनि हुनुहुन्छ) *अत्यन्तै प्रेम गर्नुभयो, उहाँले आफ्नो एकमात्र पुत्रलाई यस संसारको खातिर अर्पण गर्नुभयो. जसले उहाँमाथि विश्वास गर्दछ, त्यसले अनन्त जीवन पाउनेछ. तर जसले उहाँमाथि विश्वास गर्दैन, त्यो नाश हुनेछ* (यूहन्ना ३:१६).

परमेश्वरले एउटा सुन्दर संसार (मानिस जातिको अधीनमा रहनेगरी) श्रृजनु भयो, यसप्रति उहाँको योजना चाहिँ मानिसले परमेश्वरको सेवा र आराधना गरोस् भन्ने हो. तापनि, सृष्टिको पहिलो मानिसदेखि लिएर आजसम्मका तपाईं र मजस्तै हरेक मानिसले उहाँको यस योजनालाई रद्धी तुल्याएकाछन्. हामी हरेकले आफूखुशी जिउने निर्णय गरेर परमेश्वरको विरुद्धमा बिद्रोह गरेकाछौं, हामीलाई उहाँको खाँचो परेन. यस्तो चलनलाई बाइबलले पापको संज्ञा दिएकोछ. यसले गर्दा संसारमा गोलमाल, उपद्रव र दूर्भाग्य निम्त्याएर मानव जाति आफैं नष्ट भएकोछ.

**परमेश्वरको पुत्र**

*किनभने सबैले पाप गरेकाछन् र परमेश्वरको महिमादेखि अलग भएकाछन्* (रोमी ३:२३).

हामी पापको परिणाम भोग्न र परमेश्वरबाट अस्वीकृत हुन योग्यका छौं – त्यो हाम्रो नियति बनेकोछ. यो सधैंभरिको लागि परमेश्वरबाट अस्वीकृत हुनु हो. तैपनि, परमेश्वरले संसार (मानव जाति) लाई प्रेम गर्नु भएकोछ. उहाँ तपाईं र मलाई धेरैधेरै प्रेम गर्नुहुन्छ. यसकारण उहाँले आफ्नो पुत्र येशूलाई पठाउनु भयो. येशू पनि परमेश्वर नै हुनुहुन्छ. येशू हाम्रो जीवनको नियति र कष्ट भोगिदिन आउनु भयो. तर उहाँले हामीले जस्तैगरी पाप गर्नु

भएन. वास्तवमा, उहाँ हाम्रो विद्रोहको प्रभावलाई उल्टाउन क्रूसमा जानुभयो. हाम्रो विद्रोहप्रतिको परमेश्वरको रीस येशूमाथि खनियो, जो पूर्णतया निर्दोष हुनुहुन्थ्यो. उहाँलाई हाम्रो बदलामा दण्ड दिइयो र उहाँ कष्टप्रद मृत्यु मर्नु भयो. उहाँ क्रूसमा टाँगिइनु हुँदा हाम्रा सबै पाप आफैंमाथि बोक्नु भयो भनी बाइबल भन्दछ, तापनि येशू मरेको मर्‍यै हुनुभएन. परमेश्वरले उहाँलाई मृत्युबाट ब्युँताउनु भयो. परमेश्वरले उहाँलाई स्वर्गतिर उठाई लैजानुभन्दा पहिले येशू मृत्युबाट बौरिएर यस पृथ्वीका धेरै मानिसहरूकहाँ देखापर्नु भयो. येशूको जीवन, मृत्यु र पुनरुत्थानले हामीलाई परमेश्वरसंगको सम्बन्धमा पुनर्स्थापित हुने मार्ग प्रशस्त गरेकोछ.

**परमेश्वरको क्षमा**

> *तिम्रा दोषहरू लुकाई राख्यौ भने तिम्रो उन्नति हुँदैन, तर ती स्वीकार गरेर तिनलाई आफूबाट त्याग्यौ भने तिमीले कृपादृष्टि पाउनेछौ* (हितोपदेश २८:१३).


परमेश्वरको सामने ठीक ठहरिनुभन्दा पहिले हामीले हाम्रो विद्रोहको निम्ति पछुतो गर्नुपर्छ – क्षमा माग्नु पर्छ. हामीले गल्ती गरेका थियौं भनी स्वीकार गर्दै र येशू हाम्रो सट्टामा मर्नु भयो भन्ने विश्वास गर्दै हामीले परमेश्वरसंग क्षमा माग्नु पर्छ. जब परमेश्वरले हामीलाई क्षमा गर्नुहुन्छ, हामी उहाँसंग ठीक (धर्मी) ठहरिइन्छौं. अनि फेरि हामी नयाँ जीवन जिउन शुरु गर्न सक्छौं. साँच्चै, यो एउटा नयाँ जीवनमा फेरि जन्म लिनु जस्तै हो. किनभने अब परमेश्वरले हामीलाई एउटा नौलो चिजलाई हेरेझैं नयाँपनमा देख्नु हुनेछ. अझै, परमेश्वर हामीलाई पवित्र आत्मा दिनुहुन्छ, जो परमेश्वर नै हुनुहुन्छ. पवित्र आत्माले हामीलाई परमेश्वरले चाहनु भए जस्तैगरी जिउन मदत गर्नुहुन्छ.

**परमेश्वरको जवाफ**

> *येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ. मद्वारा बाहेक कोही पनि परमेश्वर - पिताकहाँ पुग्न सक्दैन"* (यूहन्ना १४:६).

मानिसले परमेश्वरसंग आन्तरिक सम्बन्ध जोड्नका लागि सबै प्रकारका प्रयासहरू गरेकोछ. उसले परमेश्वरसंग पुन: आफ्नो सम्बन्ध गाँस्ने भित्री

आवश्यकता पूरा गर्न आफ्नो तर्फबाट सबै असल कामहरू गरेकोछ, दया देखाउने, दान-दक्षिणा दिने काम गरेकोछ र धर्मकर्म गरेकोछ. तर यी तमाम प्रयासहरू त्यो उद्देश्य प्राप्त गर्न असफल भए, किनकि ती कुराहरू परमेश्वरदेखि हामी अलग्गिइनुका जवाफ होइनन्. परमेश्वरको जवाफ त येशू हुनुहुन्छ.



**हाम्रो छनौट**

*यदि तिमीले येशूलाई "प्रभु" भनी आफ्नो मुखले स्वीकार गर्‍यौ र परमेश्वरले उहाँलाई मृत्युबाट ब्युँताउनु भयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ* (रोमी १०:९).

एक दिन ज्युँदा र मरेकाहरूको न्याय गर्न आउँछु भनी येशूले भन्नुभयो. जब त्यो काम गर्नेबेला आउनेछ, परमेश्वरले धर्मी ठहर्‍याउनु भएकाहरू उहाँको उपस्थितिमा सधैं रहन पाउनेछन् तर हामीले परमेश्वरलाई र येशूद्वारा बचाउने उहाँको योजनालाई अस्वीकार गर्‍यौं भने हाम्रो आफ्नै छनौटको परिणाम हामीले भोग्नु पर्नेछ – अनन्तसम्म परमेश्वररहित, प्रेमरहित, मित्ररहित, आशारहित, र कुनै असल कुराहरू तथा सुन्दरतारहित जीवन ! परमेश्वरले हामीलाई रोज्न दिनुभएकोछ. त्यसकारण, त्यो दिन आउनुभन्दा पहिल्यै, आजै हामीले रोज्नु पर्छ. हामीले पहिले कहिल्यै गरेकोभन्दा महत्वपूर्ण निर्णय यो हो. यो जीवन र मृत्युमध्ये एउटालाई छान्ने काम हो.

**प्रशस्तताको जीवन**

येशूले भन्नुभयो, *"म ता तिनीहरूले जीवन पाऊन् र त्यो जीवन प्रशस्तताको जीवन होस् भनेर आएको हुँ"* (यूहन्ना १०:१०).

परमेश्वर यस संसारलाई परिवर्तन गर्न चाहनु हुन्छ. हाम्रा हृदयमा जीवन हालिदिनलाई, हाम्रो समस्यामा, आनन्दमा र कठिनाईमा सहभागी हुनलाई उहाँ आउनुहुन्छ र उहाँले चाहेजस्तै जीवन जिउनमा मदत गर्नका लागि पवित्र आत्माको सामर्थ्य हामीमा हालिदिएर परमेश्वर यो काम गर्न चाहनु हुन्छ.

**हाम्रो प्रत्युत्तर**

येशूले हाम्रा लागि गरिदिनु भएका कामलाई थामिराख्न (स्वीकार गरिराख्न) चारवटा सामान्य चरणहरू तल दिइएकाछन् :

१. हामीले परमेश्वरलाई रीस उठाउने काम – पाप गरेकाछौं र उहाँको स्तरबाट तल झरेकाछौं भनी हामीले स्वीकार गर्नु आवश्यक छ.

२. हामी आफ्नो खुशीमा हिँड्दै गरेको बाटोबाट उहाँको सहायतामा फर्कनु पर्छ (पश्चाताप गर्दै हाम्रो आफ्नै बाटोलाई त्याग्नु पर्छ) र आफ्नो इच्छामा जिउनुको सट्टा उहाँको इच्छामा जिउने निर्णय गर्नु पर्छ.
३. परमेश्वरको पुत्र येशू ख्रीष्ट हाम्रो पापको साटोमा क्रुसमा टाँगिइनु भयो, उहाँले आफ्नो मृत्युद्वारा हाम्रो पापको दण्ड भोग्नुभएर हामीलाई फेरि परमेश्वरसंग सम्बन्ध जोड्न सक्ने तुल्याउनु भएकोछ भनी विश्वास गर्नु पर्छ.
४. परमेश्वरले येशूलाई मृतहरुबाट ब्युँताउनु भयो र अहिले पिताको दाहिने बाहुलीतर्फ बस्नु भएकोछ भनी विश्वास गर्नु पर्छ. हामीले येशूमाथि भरोसा गर्नु पर्छ र उहाँलाई प्रभु तथा मुक्तिदाता मानिलिएर उहाँमा समर्पित हुनुपर्छ. कसैलाई प्रभु बनाउनु भनेको उसलाई आफ्नो सम्पूर्ण जीवनको मालिक बनाउनु हो. येशूले हामीलाई केही गर्न लगाउनु भयो भने उहाँको आज्ञापालन पनि हामीले गर्नु पर्छ.

**परमेश्वरको आश्वस्तता**

यस अध्ययनको अन्त्यमा (वा अन्यत्र कतै) तपाई हृदयदेखि नै प्रार्थना गर्नुहुन्छ भने तपाईंको प्रार्थनामा उच्चारण भएका हरेक शब्दहरूले तपाई क्रिश्चियन हो भन्ने देखाउँछ. तपाईंले कुनै कुरा अनुभव गर्नु भएको होस् वा नहोस्, यसरी प्रार्थना गर्दा तपाईमा परिवर्तन आउनेछ, किनभने परमेश्वरले यसै हुन्छ भनेर प्रतिज्ञा गर्नु भएकोछ. उहाँ कहिल्यै पनि ढाँट्नु हुन्न. तपाई येशूलाई पछ्याउने उहाँको शिष्य बन्नु भएकोछ. तपाईंले चाल्नु भएको यो कदम एकदमै शुरुवातको कदम हो. यो फेरि जन्मनु र नयाँ जीवन शुरु गर्नु हो. अब तपाई परमेश्वरको सन्तान बन्नु भएकोछ. उहाँले अब तपाईंलाई पवित्र आत्मा दिनु भएकोछ. परमेश्वरलाई रिझाउन सक्ने खालको जीवन जिउन तपाईंलाई पवित्र आत्माले चाहिंदो मात्रामा सहायता दिनु हुन्छ.

एउटा भर्खरै जन्मिएको शिशूलाई झैं एउटा नयाँ क्रिश्चियनलाई पनि बढ्न र परिपक्व हुनका लागि धेरै कुराहरूको खाँचो पर्छ. परमेश्वर तपाईंलाई अब एउटा क्रिश्चियन व्यक्तिको रुपमा जिएको हेर्न चाहनु हुन्छ. त्यसर्थ एउटा क्रिश्चियन जीवन जिउनका लागि आधारभूत कुराहरू के के हुन भनी थाहा पाउन यस किताबका बाँकी पाठहरू पढ्दै जानुहोस्.

**प्रश्न तथा संकेत**

१. परमेश्वरले आफ्नो पुत्र येशूलाई यस संसारमा किन पठाउनु भयो भन्ने विषयमा यी पदहरूले के भन्छन् ? पदहरू: यूहन्ना ३:१६; यूहन्ना १७:२

२. परमेश्वरलाई नरिझाउंदा (रीस उठाउँदा वा पाप गर्दा) को परिणाम के हुन्छ ? (यशैया ५९:२)

३. हामीले के गर्नु पर्छ ? (मर्कूस १:१५; प्रेरित ३:१९)

४. क्षमाको अर्थ सम्झनाबाट हटाउनु वा बिर्सिदिनु हो भन्ने प्रकाशमा यो पद पढ्नुहोस् : (१यूहन्ना १:९)

५. यदि हामी परमेश्वरलाई प्रेम गर्छौं भने के गर्नुपर्छ ? (यूहन्ना १४:२३)

६. हामी क्रिश्चियन हुंदा साँच्चै हामीले पवित्र आत्मा पायौं त ? (एफिसी १:१३, १४)

७. आफ्नै उत्साहको निम्ति निम्न पदहरू पढ्नुहोस् :
यूहन्ना १:१२; ५:२४; रोमी ५:८; हिब्रू १३:५; १यूहन्ना ५:११, १२

**प्रार्थना**

सर्वशक्तिमान परमेश्वर, यो सत्य हो – मैले गरेका कामले मलाई तपाईंको स्तरसम्म पुग्न दिएका छैनन्. ती सबैलाई मैले 'पाप' भनेर चिनें र अब म तिनलाई त्यागेर फर्किन चाहन्छु. तपाईंको दृष्टिमा मैले गरेका सबै नराम्रा कामहरूको लागि म क्षमा चाहन्छु. म आफ्नै खुशीमा हिँड्न छाडेर तपाईंको बाटोमा आउन चाहन्छु. मैले पाउनु पर्ने दण्ड भोग्नका लागि आफ्नो पुत्र येशूलाई पठाई मेरो साटोमा क्रूसमा मर्न दिनु भएकोमा धन्यवाद. येशूलाई मृत्युबाट ब्युँताई दिनु भएकोमा म ज्यादै खुशी छु – उहाँ आज पनि जीवित हुनुहुन्छ. म येशूलाई मेरो जीवनको प्रभु बनाउँछु. कृपागरी, अहिले नै मेरो जीवनमा आउनुहोस् र म नयाँ बन्न सकूँ. मेरो प्रार्थना सुनिदिनु भएको लागि धन्यवाद. कृपया, तपाईंले मलाई दिनु भएको पवित्र आत्माको सहायता र शक्तिमा अब उप्रान्त बाँच्न मदत गर्नुहोस् ! येशूको नाऊँमा म यो प्रार्थना चढाउंछु, आमेन.,